institute of development studies

नम्बर २०७ जारी मिति डिसेम्बर २०२२

Policy Briefing

# बेचबिखन विरूद्धका भ्रामक रणनीतिहरूबाट जोखिममा रहेका नेपाली महिलाहरू

नेपालमा अतिथि सत्कार, मनोरञ्जन र कल्याण सम्बन्धी उद्योगहरू बढ्दै गएका छन्। बेचबिखन विरूद्धका प्रयासहरूमा प्रयोग गरिएको लेबल 'वयस्क मनोरञ्जन क्षेत्र' ('AES') ले यी उद्योगहरूमा केही व्यवसायका मालिकहरू र मुख्यतया महिला कामदारहरूको प्रतिष्ठामा दाग लगाएको छ। व्यवसायहरूलाई कर्मचारीहरू खोज्न र कामदारहरूलाई काम खोज्नमा मद्दत गर्ने श्रम मध्यस्थकर्ताहरू यी अनौपचारिक उद्योगहरूको महत्त्वपूर्ण र प्रायजसो गलत रूपमा प्रस्तुत हुने अंश हुन्। महिलाहरूसँग नेपालमा सुरक्षित रोजगारी वा वैदेशिक श्रम आप्रवासनका लागि कुनै विकल्प नरहेको अवस्था रहेको छ। यी व्यवसाय र सामाजिक सुरक्षाको सजिलो दर्ता तथा अनुगमनलाई सहायता गर्नाले नेपालको अर्थतन्त्रमा सुधार आउने छ र काम गर्ने अवस्थाहरू अझै राम्रो हुनेछन्।

## मुख्य सन्देशहरू

- नेपाल सरकार, अन्तर्राष्ट्रिय दाता, अनुसन्धानकर्ता र बेचबिखन विरूद्ध काम गर्ने गैर-सरकारी संस्थाहरूले 'वयस्क मनोरञ्जन क्षेत्र' शब्दको प्रयोग गर्नाले होटल, डान्स बार, रेस्टुरेन्ट र स्पाहरूका साथै त्यहाँ काम गर्ने कामदारहरूमाथि परम्परागत र रूढिवादी सोच र प्रतिष्ठामा दाग लाग्ने कुरालाई निरन्तरता र बढावा दिन्छ।
- अनौपचारिक श्रम मध्यस्थकर्ता वा 'दलालहरू' ले मानिसहरूलाई 'AES' मा काम गर्नमा मद्दत गर्छन् र उनीहरूमध्ये धेरैजसो साथी तथा नातेदार र कामदार वा स्वयम् मालिक नै भएतापनि प्रायः शोषणकारी र अज्ञात मानव बेचबिखनका दल वा बेचबिखनकारीहरूका रूपमा बदनाम हुन्छन्।
- कतिपय कामदारहरूले कलाकारको रूपमा आफ्नो कामप्रति रूचि देखाएतापनि, महिला कामदारहरूले यौन उत्पीडन, आर्थिक शोषण र 'AES' स्थानहरूमा मदिरा पिउन दबाव पार्ने गरेको कुरालाई विरोध गर्छन्। कार्यस्थलमा हुने यस्ता व्यवहारहरूले सुरक्षित, प्रतिष्ठाजनक काम गर्ने महिलाहरूको अधिकारलाई कमजोर बनाउँदछ।
- आर्थिक स्थिरताको खोजीमा रहेका महिलाहरूका लागि संकुचित वैदेशिक श्रम आप्रवासन नीतिहरूले झनै चुनौतीहरू बढाएको छ।

> “'AES' शब्दले व्यवसाय, ग्राहक र विशेषगरी प्रायः यौन उत्पीडन भोगेका, कम पारिश्रमिक पाएका र व्यावसायिक यौनकर्मीको रूपमा बदनामी भएका महिला कामदारहरूको प्रतिष्ठामा दाग लगाइरहेको छ।

Pauline Oosterhoff, Karen Snyder र Neelam Sharma

नेपाल र विदेशमा हुने महिला र युवतीहरूको बेचबिखन तथा शोषणमा धेरैको ध्यान गएको छ। प्रायजसो रेस्टुरेन्ट, लोक सङ्गीत बार (जसलाईदोहोरी पनि भनिन्छ), डान्स बार, मसाज पार्लर, गेस्ट हाउस र होटल जस्ता अनौपचारिक व्यवसायहरू – नेपालमा 'वयस्क मनोरञ्जन क्षेत्र' ('AES') भनेर चिनिन्छन्। यस क्षेत्रलाई बेचबिखन र शोषण हुने क्षेत्रको रूपमा आलोचना गर्ने गरिन्छ।

हाम्रो अनुसन्धानको उद्देश्य भनेको मानव बेचबिखन र श्रम तथा यौन शोषण रोकथाम गर्न थप प्रभावकारी नीति र हस्तक्षेपहरू विकास गर्नका लागि नेपालका सहरी 'AES' कामदार र श्रम मध्यस्थकर्ताहरूको अनुभव र आशाहरू बुझ्न रहेको थियो।

हामीले नेपाल बाहिर काम गरेको अनुभव भएका १९ जनासहित ५७ महिला, र एक जना ट्रान्सजेन्डर पुरुषको अन्तर्वार्ता लिएका थियौँ। यसका साथै, हामीले ३३ जना वयस्कको अन्तर्वार्ता लिएका थियौँ, उनीहरूले स्वयम् आफूलाई वा अरूले पनि उनीहरूलाई श्रम मध्यस्थकर्ताको रूपमा चिनाएका थिए।

## *'AES'* शब्दले कलंकित गरिरहेको छ

'AES' एक गलत रूपमा परिभाषित गरिएको शब्द हो, जुन अन्तर्राष्ट्रिय दाताहरू, नेपाल सरकार, NGO हरू र नागरिक समाज संस्थाहरूले मानव बेचबिखन विरूद्ध काम गर्ने क्षेत्रमा प्रयोग गर्छन्। 'AES' एक क्षेत्र नभएर पुरुष आप्रवासी, पर्यटक र स्थानीय बासिन्दाहरूसहित विभिन्न प्रकारका ग्राहकहरू भएका व्यवसाय तथा सेवाहरूको विस्तृत विविधता हो। तथा-कथित 'AES' स्थलको एउटा उदाहरण *दोहोरी*, लोक सङ्गीत बार हो, जहाँ परम्परागत नेपाली सुधारात्मक गीत कविता - एक समृद्ध संगीत अभ्यास - प्रदर्शन गरिन्छ। *दोहोरी* कलाकारहरू अत्याधिक पेशेवर गायकगायिकाहरू हुन सक्छन्। *दोहोरी* र अन्य प्रदर्शन गर्नुपर्ने कलाहरू नेपालमा कम मूल्याङ्कन गरिने रचनात्मक उद्योगका हिस्सा हुन्।

'AES' शब्दले व्यवसाय, ग्राहकहरू र विशेषगरी महिला कामदारहरूको प्रतिष्ठामा दाग लागेको छ, जसलाई प्रायजसो यौन उत्पीडनमा परेका, कम पारिश्रमिक प्राप्त गर्ने र व्यावसायिक यौनकर्मीको रूपमा गलत किसिमले बदनाम पनि गरिन्छ। नेपालमा यी स्थलहरूको क्षेत्राधिकार विभिन्न मन्त्रालयहरूको अधीनमा रहेका छन्, जसमध्ये कुनैमा पनि 'AES' को स्पष्ट परिभाषा रहेको छैन।

काठमाडौँ जस्ता सहरहरूका केही निश्चित क्षेत्रहरूलाई बेचबिखन विरूद्ध काम गर्ने बिज्ञहरूद्वारा 'AES हटस्पट' को रूपमा लेबल लगाइएको छ। तर हाम्रो अनुसन्धानबाट यी सहरहरूका ती क्षेत्रहरू वास्तवमा मिश्रित व्यावसायिक स्थानहरू र आवासीय भवनहरू भएका सहरी क्षेत्रहरू हुन् भनेर देखाउँदछ। उदाहरणका लागि, एउटा सामान्य 'हटस्पट' भनिएको क्षेत्रमा दिनमा चल्ने तरकारी बजार, साँझको समयमा चल्ने रेस्टुरेन्ट र राति चल्ने डान्सबार हुने भवनहरू समावेश हुन सक्छन्।

'AES' र 'AES हटस्पट' जस्ता अस्पष्ट शब्दहरूको निरन्तर प्रयोगले मानव बेचबिखन र श्रम दुर्व्यवहारलाई कम गर्ने कानुनी प्रयासहरू र सुरक्षित, प्रतिष्ठाजनक कामलाई सहायता गर्न प्रभावकारी नीति निर्माणको अवसरहरूलाई कम गर्छ। 'AES' लाई अतिथि सत्कार, मनोरञ्जन तथा कल्याणसम्बन्धी उद्योगहरूमा व्यावसायिक र आर्थिक गतिविधिहरूको रूपमा विचार गर्नुपर्छ।

## अनौपचारिक श्रम मध्यस्थकर्ताहरूको महत्त्वपूर्ण - र सूक्ष्म - भूमिकाहरू

श्रम मध्यस्थकर्ता भनेका यस्ता व्यक्तिहरू हुन्, जसले काम खोज्ने व्यक्तिलाई रोजगारदातासँग सम्पर्क गराउँदछन्। अतिथि सत्कार, मनोरञ्जन र कल्याण सम्बन्धि उद्योगहरूमा, जहाँ अधिकांश व्यवसायहरू अनौपचारिक आधारमा सञ्चालन हुन्छन्, अधिकांश श्रम मध्यस्थकर्ताहरू अनौपचारिक रूपमा रहेका हुन्छन् र प्रायजसो परिवारका सदस्यहरू, दीर्घकालीन साथीहरू, वा उनीहरूले मद्दत गर्ने मानिसहरूका कामका परिचितहरू हुन्छन्। तिनीहरूको व्यवसायहरू र तिनीहरूका मालिकहरूसँग सञ्जाल र सम्बन्धहरू हुन्छन् र कहिलेकाहीँ कामदारहरू र व्यवसाय मालिकहरू नै श्रम मध्यस्थकर्ता पनि हुन सक्छन्।

बेचबिखन विरूद्ध काम गर्नेहरूले श्रम मध्यस्थकर्ताहरूलाई राम्रोसँग बुझेका छैनन्। 'मानव बेचबिखन प्रभावित विरूद्ध मानव बेचबिखनकारीहरू' को दोहोरो कथा पीडितहरूले भोग्नुपरेको शोषणका लागि एक अपराधी पत्ता लगाउन भावनात्मक र राजनीतिक आवश्यकताहरू अनुरूप त हुन सक्छ, तर अनौपचारिक रूपमा सञ्चालित हुने श्रम मध्यस्थकर्ताहरू स्वतः अपराधी हुँदैनन्।

> *सुरुमा मानिसहरू मकहाँ आएर कामका लागि मात्रै अनुरोध गर्थे। मलाई सधैँ मानिसहरूलाई मद्दत गर्न राम्रो लाग्थ्यो। तपाईंसँग धेरै साथीहरू भएको हुनाले तपाईं सामान्यतया श्रम मध्यस्थकर्ता को रूपमा काम गर्न थाल्नुहुन्छ। सायद मैले काठमाडौँमा भएका हरेक* दोहोरी *मा काम गरेको छु। म अहिले एउटा रेस्टुरेन्टको मालिक भएको छु।*
> **(महिला श्रम मध्यस्थकर्ता, ३७ वर्ष उमेर)**

श्रम मध्यस्थकर्तारूले मानिसहरूलाई काम खोज्न मद्दत गर्न उपयोगी भूमिका खेल्छन् भन्ने कुरामा अधिकांश मध्यस्थकर्ता तथा कामदारहरूले सहमति जनाउँदछन्। श्रम मध्यस्थकर्ताहरूसँग हाम्रो अन्तर्वार्ताको बेलामा,

हामीले प्रायः अरूको जीवन अझै राम्रो बनाउनका लागि मद्दत गर्ने इच्छाद्वारा प्रेरित हुने विश्वासिलो दाता वा सहयोगीको सार्वजनिक छवि देख्यौँ। हामी यो धेरै सकारात्मक हुन सक्छ भनेर बुझ्छौँ। तर हामीले अन्तर्वार्ता गरेका कामदारहरूले सामान्यतया श्रम मध्यस्थकर्ताहरूलाई उनीहरूले प्राप्त गर्न मद्दत गरेको रोजगारको कार्य अवस्थाहरूका लागि जिम्मेवार ठान्दैनन्।

तर पनि, यस प्रणालीको अनौपचारिकता र नियमनको अभावले समस्या निम्त्याउँदछ। परोपकारी छविले शक्तिको दुर्व्यवहारलाई कम गर्न सक्छ र साथी तथा परिवारसँगको दीर्घकालीन सम्बन्ध कायम राख्न पर्ने कामदारहरूका लागि असमानता कायम राख्न सक्छ। कामका समस्याहरू उत्पन्न भएको बेला, कामदारहरू कानुनी प्रणालीमार्फत आफ्ना साथी वा परिवारका मध्यस्थकर्ताहरूका बारेमा गुनासो गर्न कम इच्छुक हुन्छन्।

## महिलाहरूले लैङ्गिक अवरोध तथा शोषणको सामना गर्छन्

हामीले कुरा गरेका केही कामदारहरूले रचनात्मक कलाका अवसरहरूलाई निरन्तरता दिने इच्छा जाहेर गरे भने धेरै सहभागीहरूसँग आफ्नो अगाडिका बाटाका बारेमा योजनाहरू थिए।

रोजगारी खोज्नुको कारण जेसुकै भएतापनि, अध्ययनका सहभागीहरूलाई लैङ्गिक श्रम अवरोधहरू, विशेषगरी यौन उत्पीडनको बारेमा धेरै कुरा भन्नु थियो। *दोहोरी* र डान्स बारहरूमा, कामदारहरूले ग्राहकहरूसँग बसेर उनीहरूलाई मादक पदार्थ (रक्सी) खरिद गर्न प्रोत्साहित गर्नु पर्ने हुन्छ।

> *मलाई AES को बारेमा राम्रो लाग्दैन। म यो क्षेत्रमा काम गर्नुभन्दा आफ्नै दममा काम गर्न राम्रो मान्छु। मालिकहरूले हामीलाई ग्राहकहरूसँग बसेर उनीहरूसँग मदिरा पिउन बाध्य गरेको कुरा मलाई मन पर्दैन। उनीहरूले* [ग्राहकहरू] [हामीलाई] *असहज महसुस हुने गरी छुन्छन्। उनीहरूले खराब शब्दहरू पनि प्रयोग गर्छन्।*
> **(महिला वेट्रेस, १९ वर्षको उमेर)**

सहभागीहरूले प्रहरीबाट दुर्व्यवहार हुने गरेको कुरा र आफ्नो काम परिवारबाट लुकाउनु परेको कुरा पनि बताए। कामदारहरूलाई र उनीहरूको कमलाई समाजले सामान्यतया तिरस्कार गर्छ भनी महसुस गर्छन्।

सुरक्षित, सम्मानजनक वातावरणमा सभ्य जीवनयापन गर्ने सबै कामदारहरूको साझा इच्छा रहेको छ। उनीहरूले आफूले काम गर्ने स्थानमा समयमै तलब पाएको, कुनै यौन उत्पीडन भोग्नु नपर्ने, जबरजस्ती मदिरा सेवन गर्नु नपर्ने र कार्यस्थलहरू आउने-जाने स्वतन्त्रतासहितको सुरक्षित वातावरण हेर्न चाहन्छन्।

## लैङ्गिक तलब अन्तर, यौन उत्पीडन र महिला प्रतिबन्धित गतिशीलता

हामीले कुरा गरेको धेरैजसो कामदारहरूले आफूहरू गरिबीको पृष्ठभूमिबाट आएको कुरा बताए, तर यो ‘AES’ का कामदारहरूका लागि विशेष किसिमको भने होइन। यद्यपि, सुरक्षा सञ्जालको अभाव र कुनै विशेष तालिम वा अनुभव नपर्ने कामको प्रकृति जस्ता कुराहरू अतिथि सत्कार, मनोरञ्जन र कल्याणसम्बन्धी उद्योगहरूमा हुन सक्ने सम्भावित शोषण र जोखिमका निश्चित कारकहरू हुन्।

महिला कामदारहरूले नेपाल भित्र ज्यालाको अन्तर, भेदभाव र यौन उत्पीडन र कामका लागि अन्तर्राष्ट्रिय रूपमा बसाई सर्ने कानुनी प्रतिबन्धहरूको सामना गर्छन्। श्रम गतिशीलताका यी पितृसत्तात्मक प्रतिबन्धहरू महिलाहरूलाई अन्तर्राष्ट्रिय बेचबिखन र श्रम तथा यौन शोषणबाट जोगाउने उद्देश्य राम्रो नियत भएका हुन सक्छन्, तर तिनीहरू गलत देखिन्छन्।

हामीले अध्ययन गरेका ५८ व्यक्तिगत कामदारहरूको कार्य इतिहासबाट मानव बेचबिखनका लागि कुनै पनि स्पष्ट मार्गहरू र लक्षित बेचबिखन विरूद्ध हस्तक्षेपहरूका लागि कुनै स्पष्ट रणनीतिक बिन्दहरू फेला पारेनौँ।

श्रम बजारमा कामदारहरूको श्रम मार्ग भनेको माकुराको जालो जस्तो बुनेको पाइयो। यो व्यक्तिगत सम्पर्कबाट जोडिँदै र कामको प्रकार, काम गर्ने स्थानको प्रकार, स्थान र श्रम मध्यस्थकर्ताको प्रकारका आधारमा छुट्टिँदै जाने देखियो।

विदेशी श्रम आप्रवासनका लागि महिलाहरूको आवागमनमा हुने प्रतिबन्धहरू, महिलाहरूलाई कम पारिश्रमिकसहितको कठिन श्रम बजार र महिलाहरूको भूमिकाको बारेमा सामाजिक अपेक्षाहरूले चीजहरूलाई अझै गाह्रो बनाउँदछ। यसको परिणाम स्वरूप, महिला कामदारहरू नेपालमा जोखिमपूर्ण काम गर्ने अवस्था वा शोषणपूर्ण वैदेशिक श्रम बसाईसराइलाई स्वीकार गर्न बाध्य भएका छन्। कामदारहरूले हामीलाई सरकारको नयाँ प्रस्तावित सामाजिक सुरक्षा प्रणालीमा आफ्नो धेरै चासो राखेको र आफूहरू सामाजिक सुरक्षा प्रणालीअन्तर्गत आउन सकेमा उनीहरूलाई ‘AES’ मा काम पाउनका लागि फरक निर्णयहरू लिन मद्दत पुग्ने बताए।

## नीति सिफारिसहरू

नेपाल सरकार, दाता, अनुसन्धानकर्ता र बेचबिखन विरूद्ध काम गर्ने अन्तर्राष्ट्रिय र स्थानीय गैर-सरकारी संस्था हरूले:

– नेपाली बेचबिखन विरूद्धका प्रयासहरूमा भ्रामक र कलंकित शब्द 'वयस्क मनोरञ्जन क्षेत्र' लाई त्याग्नु पर्छ। यसको सट्टामा, अतिथि सत्कार, मनोरञ्जन र कल्याणसम्बन्धी उद्योगहरू जस्ता तटस्थ शब्दहरू प्रयोग गर्नुपर्छ।

– यी उद्योगहरूमा थप स्थिरता र दिगोपन सुनिश्चित गर्न साना र मध्यम आकारका व्यवसायहरूलाई सजिलै दर्ता गर्न र लगानी, राम्रो काम र गुणस्तरीय सेवाहरूलाई सहायता गर्न नीतिहरूले सहयोग गर्नुपर्छ।

– यौन उत्पीडन, बेचबिखन र जबरजस्ती मदिरा सेवन गराउने कार्यलाई सुरक्षित रूपमा रिपोर्ट गर्न संयन्त्रहरू तय गर्नुपर्छ।

– परम्परागत वा आधुनिक जस्तो मनोरञ्जन भएतापनि, मनोरञ्जन एक विविध रचनात्मक उद्योगको अंश हो, जसले एशियाका लाखौं न्यून आय भएका परिवारहरूलाई काम र आम्दानी उपलब्ध गराउँदछ भन्ने कुरालाई स्वीकार गर्नुपर्छ। यस विविधताले भरिएको उद्योगमा साना र मध्यम आकारका स्थानीय व्यवसायहरूलाई विभिन्न स्वाद र आयसहित सत्कार गर्न र प्रतिभाको समावेशी विकास गर्न लगानीलाई प्रोत्साहन गर्नुपर्छ।

– नेपाली श्रम अर्थतन्त्रमा श्रम मध्यस्थकर्ताहरूको औपचारिकीकरण र उनीहरूको भूमिकालाई सजिलो दर्ता, व्यावसायिकीकरण र सेवाहरूका लागि पारदर्शी निश्चित दर र शुल्कहरूमार्फत सहायता गर्नुपर्छ।

– कामदार, श्रम मध्यस्थकर्ता र व्यवसाय मालिक, विशेषगरी अनौपचारिक साना-मध्यम-आकारका उद्यमहरूलाई उनीहरूको अधिकार, जिम्मेवारी र कर्तव्यहरूका बारेमा सुसूचित गराउने पहलहरू गरिनुपर्छ जसको आधारमा उनीहरू सुरक्षित रूपमा कार्य गर्न सक्छन्।

– कामका लागि महिलाको गतिशीलतामा प्रतिबन्ध लगाउने, र कानुनको अपहेलना गर्दै र शोषणको जोखिम बढाउने खराब आप्रवासन सेवाहरूको माग सिर्जना गर्ने, नेपाली बेचबिखन विरूद्धका नीति तथा नियमहरूको अन्त्य गर्नुपर्छ।

– कामदारहरूका लागि थप आर्थिक सुरक्षा प्रदान गर्न र साना व्यवसायहरूको सुरक्षा गर्न सरकारको नयाँ सामाजिक सुरक्षा बीमा योजनाको प्रचार गर्नुपर्छ। ■

विकास अध्ययन संस्थान, **Library Road, Brighton, BN1 9RE, United Kingdom** +44 (0)1273 606261 **ids.ac.uk**

विकास अध्ययन संस्थान **(IDS)** ग्यारेन्टीद्वारा सीमित र इङ्ल्याण्डमा दर्ता गरिएको एक परोपकारी कम्पनी हो। परोपकार दर्ता नम्बर 306371। परोपकारी कम्पनी नम्बर 877338।

**थप अध्ययन**

Kharel, A.; Shrestha, S.; Bhattarai, S.; Oosterhoff, P. र Snyder, K. (2022) ***वैदेशिक रोजगारीका लागि कामदारहरू नियुक्त गर्ने एजेन्सीहरूद्वारा सम्भावित आप्रवासीहरूसँग पहुँच र संलग्नताको मूल्याङ्कन*** IDS कार्य पत्र 571, Brighton: विकास अध्ययन संस्थान, (DOI): **10.19088/IDS.2022.037**

Oosterhoff, P.; Snyder, K. र Sharma, N. (2022) *काम पाउने: नेपालमा भएका कामदारहरूका लागि श्रम बिचौलिया भूमिका र अन्तर्राष्ट्रिय 'वयस्क मनोरञ्जन क्षेत्र'* ब्राइटन: विकास अध्ययन संस्थान, (DOI): **10.19088/IDS.2022.075**

Snyder, K.; Oosterhoff, P. र Sharma, N. (2022) *'वयस्क मनोरञ्जन क्षेत्र' का नेपाली कामदारहरूको श्रम प्रक्षेपणहरू र आकांक्षा* ब्राइटन: विकास अध्ययन संस्थान, (DOI): 10.19088/IDS.2022.074

Sonobe, T. *et al* (eds) (2022) *रचनात्मक अर्थव्यवस्था 2030: एक बलियो, रचनात्मक, समावेशी र दिगो रिकभरीको कल्पना र वितरण* टोकियो: एसियाली विकास बैंक संस्था

यो **IDS** नीति विवरण **Pauline Oosterhoff, Karen Snyder** र **Neelam Sharma** द्वारा लेखिएको थियो र **Steve Metcalfe** द्वारा सम्पादन गरिएको थियो। अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राज्यको एजेन्सी **(USAID)** र संयुक्त अधिराज्यको यु.केको सहायतामार्फत अमेरिकी जनता र बेलायती जनताको उदार सहयोगद्वारा यो सम्भव भएको हो। अस्वीकरण: यस संक्षिप्तको विषय-वस्तुहरू **IDS** र **Winrock International** को जिम्मेवारी हो र **USAID** वा संयुक्त राज्य सरकार वा यु.के सरकारको विचारहरूलाई प्रतिबिम्बित गर्नुपर्छ भन्ने छैन।

लेखकहरूले पर्पल फाउन्डेसन र सामाजिक विज्ञान बहालाई यस परियोजनाको क्रममा उनीहरूको अनुसन्धान योगदानका लागि धन्यवाद दिन चाहन्छन्, जसले यस नीति विवरण सिर्जना गर्न सक्षम बनाएको छ।

© **Institute of Development Studies 2022**.

यो एक क्रिएटिभ कमन्स एट्रिब्युसन 4.0 इन्टरनेशनल लाइसेन्स **(CC BY)** का सर्तहरूअन्तर्गत वितरित खुल्ला पहुँच विवरण हो, जसले मूल लेखक र स्रोतलाई श्रेय दिइएको छ र कुनै पनि परिमार्जन वा अनुकूलनहरू संकेत गरिएको छ भने, कुनै पनि माध्यममा प्रतिबन्ध नलगाइकन प्रयोग, वितरण र पुनरुत्पादन गर्न अनुमति दिन्छ।

ISSN 1479-974X

DOI: **10.19088/IDS.2022.081**

USAID FROM THE AMERICAN PEOPLE · WINROCK INTERNATIONAL · institute of development studies · UKaid from the British people